
# बाहिरनको लागि प्रयोग गरिने फाराम
(ऐच्छिक, च्यात्नको लागि)

तपाईं आफ्नो बच्चाको cCMV नतिजाहरू रेकर्ड गर्न चाहनुहुन्न भने कृपया तलका A र B भागहरू भर्नुहोस्। तपाईंले फाराम भरिसकेपछि यो खण्डलाई होशरबाट सावधानीपूर्वक हटाउनुहोस्। यो खण्ड आफ्नो नर्स वा सुत्केरी गराउने बर्थिङ विभागमा काम गर्ने कर्मचारीलाई दिनुहोस्। नर्सले यो फाराम तपाईंको बच्चाको नवजात शिशुको स्क्रिनमा संलग्न गरेको सुनिश्चित गर्नुहोस्। तपाईंले यो फाराम NBS कार्यक्रममा पनि पठाउन सक्नुहुन्छ (पेज 6 मा रहेको ठेगाना हेर्नुहोस्)।


PLEASE PRINT
IVD
Lab I.D. XXXXXXXXX
SN
Instructions to Hospital:
After entering infant's name, remove this pink copy and give it to the parents of this newborn, along with the educational brochure "For Your Baby's Health."
Infant's Last Name:

Newborn Screening Program
Serving New York Since 1965

Parents,
A blood specimen has been taken from your baby to be tested by the New York State Newborn Screening Program. This program is described in the brochure "For Your Baby's Health", which has been given to you by the staff at this hospital. To find out the results of this important health service, take this notice to your baby's doctor, who can either obtain the result from this hospital or on-line through the NYS Health Commerce System. As a parent, you may request results either by e-mailing nbsinfo@health.ny.gov, or by calling the program at (518) 473-7552. Please keep the Lab ID on this form confidential, as it is required to obtain your baby's results.

This specimen will have your child's identifying information removed and will be stored by the Newborn Screening Program for up to 27 years under secure conditions with strictly controlled access. If the need arises, you can consent to having this specimen used for diagnostic purposes for your child. A portion of this specimen may also be used in public health research projects that have been reviewed and approved by a Board that ensures compliance with applicable laws and ethical guidelines. If you wish to have your child's specimen destroyed or prevented from being used in public health research, please call (518) 473-7552 for instructions.

Wadsworth Center
NYS Department of Health
http://www.wadsworth.org/programs/newborn/screening

PARENT COPY

## परीक्षण गरेको रिपोर्ट नलिन भाग A र भाग B भर्नुहोस्:

**A. जानकारी तल हाल्नुहोस्:**

नवजात शिशुको स्क्रिन ल्याब ID (गुलाबी पर्चीबाट):

शिशुको नाम:

शिशुको थर:

शिशुको जन्म मिति (महिना/दिन/वर्ष):

जन्म दिने आमाको नाम:

जन्म दिने आमाको थर:

जन्म दिने आमाको जन्म मिति (महिना/दिन/वर्ष):

जन्म भएको अस्पताल:

**B. तपाईंले परीक्षण गरेको रिपोर्ट नलिन पक्का गर्न नामको छोटो रुप, हस्ताक्षर र मिति:**

म (व्यक्तिको नाम यहाँ लेख्नुहोस्) __________ मेरो शिशुको cCMV परीक्षणको नतिजा पोजेटिभ देखिएपनि सो परीक्षण गरेको रिपोर्ट लिने चाहना नगरेको कुरा गरिरहेको छु।

आमाबुवाको नाम (पूरा नाम):

आमाबुवाको हस्ताक्षर:

हस्ताक्षर गरेको मिति (महिना/दिन/वर्ष):

अर्को पेज पल्टाउनुहोस् →

## सन्दर्भ-पुस्तक र स्रोतहरू

**न्यूयोर्क स्टेट न्यूबर्न स्क्रिनिङ प्रोग्राम (New York State Newborn Screening Program)**
https://www.wadsworth.org/programs/newborn/screening/additional-testing

**अमेरिकन एकेडेमी अफ पेडियाट्रिक्स (American Academy of Pediatrics)**
https://www.aap.org/en/news-room/aap-voices/newborn-screening-for-congenital-cytomegalovirus-one-pediatricians-journey/

**बेबिज फर्स्ट टेस्ट (Baby's First Test)**
https://www.babysfirsttest.org/newborn-screening/conditions/congenital-cytomegalovirus

**सेन्टर फर डिजिज कन्ट्रोल एण्ड प्रिभेन्सन (Centers for Disease Control and Prevention, CDC)**
https://www.cdc.gov/cmv/index.html

**यु.एस. नेशनल लाइब्रेरी अफ मेडिसिन (U.S. National Library of Medicine), MedlinePlus**
https://medlineplus.gov/cytomegalovirusinfections.html

**मेयो क्लिनिक (Mayo Clinic)**
https://www.mayoclinic.org/diseases-conditions/cmv/symptoms-causes/syc-20355358

**थप जानकारीको लागि यहाँ हेर्नुहोस्:**
www.wadsworth.org/newborn

20570 (Nepali)

NEW YORK STATE | Department of Health

07/23



# नवजात शिशुको साइटोमेगालोभाइरस (Cytomegalovirus, CMV) स्क्रिनिङ

## सबै बच्चाहरूका लागि नयाँ परीक्षण

*बच्चाको जन्म भएपछि पहिलो हप्तामा तपाईंलाई परीक्षण गरेको रिपोर्ट नलिने लगायतका के-के कुराहरू थाहा हुनुपर्छ*

www.wadsworth.org/newborn

NEW YORK STATE | Department of Health

## नवजात शिशुको कन्जेनिटल साइटोमेगालोभाइरस (cCMV) स्क्रिनिङ

कन्जेनिटल साइटोमेगालोभाइरस (congenital cytomegalovirus, cCMV) छ कि भनेर न्यूयोर्क स्टेटको नवजात शिशुको स्क्रिनिङ (Newborn Screening, NBS) कार्यक्रमबाट प्राप्त भएका सबै नवजात शिशुको स्क्रिन नमूनाहरू समर 2023 मा सुरु हुने 1 वर्षसम्म जाँच गरिनेछ। प्रत्येक 200 जना नवजात शिशुमध्ये एक जना शिशुको cCMV परीक्षण गर्दा पोजेटिभ नतिजा आउन सक्छ भनेर हामीले अनुमान गरेका छौँ। cCMV को सङ्क्रमण भएर जन्मेका केही बच्चालाई पछि गएर कान नसुन्ने वा अन्य स्वास्थ्य समस्याहरू देखिन सक्छ।

> न्यूयोर्क स्टेटमा हरेक वर्ष जन्मने करीब 1,100 बच्चा वा हरेक 200 जना जन्मिएका बच्चाहरूमा एकजना बच्चालाई जन्मजात CMV को सङ्क्रमण हुने सम्भावना हुन्छ।

सबै बच्चाको cCMV परीक्षण गरिनेछ तर तपाईंले cCMV को रिपोर्ट नलिने विकल्प रोज्न सक्नुहुन्छ र तपाईंको बच्चाको नवजात शिशुको स्क्रिन रेकर्डबाट उनीहरूको नतिजा हटाउन सक्नुहुन्छ। तपाईंले यी परीक्षण रिपोर्ट लिन चाहनुहुन्न र तपाईंको बच्चाको cCMV परीक्षणको नतिजा नवजात शिशुको स्क्रिनिङ रिपोर्टबाट हटाउन चाहनुहुन्छ भने रिपोर्ट नलिनको लागि यो ब्रोशरको पेज 6 मा रहेका निर्देशनहरू पालना गर्नुहोस्। परीक्षण गरेको रिपोर्ट नलिनु भनेको नतिजा पोजेटिभ भएतापनि तपाईं वा तपाईंको बच्चाको स्वास्थ्य सेवा प्रदायकलाई तपाईंको बच्चाको cCMV परीक्षण गरेको नतिजाको बारेमा सूचित गरिने छैन भन्ने हो। तपाईं परीक्षण गरेको रिपोर्ट लिन चाहनुहुन्न भने तपाईंले अनिवार्य रुपमा चाँडै खबर गर्नुपर्छ। तपाईंको बच्चाको नवजात शिशुको स्क्रिन रिपोर्ट बच्चा जन्मेको 5-7 दिन पछि भरिनेछ। तपाईंले निश्चित समय अगाडि NBS कार्यक्रमलाई खबर गर्नुभएन भने तपाईंको बच्चाको cCMV नतिजा उनीहरूको रिपोर्टमा राखिनेछ। तपाईं आफ्नो बच्चाको cCMV परीक्षण गरेको नतिजा चाहनुहुन्छ भने तपाईंले केहि पनि गर्नुपर्दैन।

## नवजात शिशुको स्क्रिनिङ भनेको के हो?

संयुक्त राज्य अमेरिकामा जन्म भएका प्रत्येक बच्चालाई जन्मेको केही समयपछि निश्चित स्वास्थ्य अवस्थाहरूको परीक्षण गरिन्छ। यी परीक्षणहरूलाई नवजात शिशुको स्क्रिनिङ (NBS) भनिन्छ। हरेक स्टेटमा यस किसिमको परीक्षण गर्ने न्यूबर्न स्क्रिनिङ प्रोग्राम रहेको छ। न्यूयोर्क राज्य (New York State, NYS) NBS कार्यक्रम सो स्टेटमा जन्म भएका सबै बच्चाहरूलाई प्रदान गरिने नि:शुल्क सेवा हो। NYS सार्वजनिक स्वास्थ्य कानून खण्ड 2500-a र 2500-f अनुसार यो स्क्रिन गर्नुपर्ने हुन्छ। नवजात शिशुको स्क्रिनिङ गर्नुको उद्देश्य भनेको रोग लागेका बच्चाहरूलाई बिरामी हुनुभन्दा अगाडि नै रोग पत्ता लगाएर उपचार गर्नु हो।

NYS NBS कार्यक्रमले 50 भन्दा बढी रोग लागेको अवस्थामा बच्चाहरूको परीक्षण गर्छ। धेरैजसो रोगहरू विरलै लाग्छन् र ती रोगहरू सामान्यतया गम्भीर हुन्छन्। कतिपय रोग लागेर बच्चाको कलिलो उमेरमा नै मृत्यु हुन सक्छ। अरू रोगले बच्चाको वृद्धि हुने क्रमलाई घटाउन सक्छ। केही रोगले बच्चाको सिक्ने क्षमता कम गर्न सक्छ। अन्य रोगका सङ्केत र लक्षणहरू पनि देखिने सम्भावना हुन्छ। NYS मा परीक्षण गरिएका सबै रोगहरूको उपचार हुन्छन्। रोगको सुरुको चरणमा नै उपचार गर्नु धेरै महत्त्वपूर्ण हुन्छ! बच्चाहरूको रोग पत्ता लगाएर उपचार गर्दा तिनीहरूलाई स्वस्थ जीवन बिताउन सहयोग हुन सक्छ। हाम्रो वेबसाइटले NYS NBS कार्यक्रम स्क्रिनका सर्तहरूको सूची तयार गर्छ।

**थप जानकारीको लागि यहाँ हेर्नुहोस्:** www.wadsworth.org/newborn।



## म मेरो बच्चाको cCMV जाँचेको स्क्रिन परीक्षणको नतिजा लिन चाहदिँन। म कसरी परीक्षण गरेको रिपोर्ट नलिने इच्छा गर्न सक्छु?

न्यूयोर्क स्टेट न्यूबर्न स्क्रिनिङ प्रोग्राममा आएका सबै नवजात शिशुको स्क्रिनको नमूनाहरूमा cCMV पत्ता लगाउन 2023 समरमा सुरु हुने गरी 1 वर्षसम्म जाँच गरिनेछ। आमाबुवाले नवजात शिशुको स्क्रिनिङ रिपोर्टमा यो नतिजा रेकर्डबाट हटाउन सक्छन्। **तपाईं आफ्नो बच्चाको रेकर्डमा नतिजा राख्न चाहनुहुन्न भने तपाईंले आफ्नो बच्चाको रिपोर्ट पूरा हुनुभन्दा अगाडि नै आफूलाई रिपोर्ट नचाहिने कुरा जानकारी गराउनुपर्छ। रिपोर्टहरू सामान्यतया बच्चा जन्मेको 5-7 दिनभित्र तयार हुन्छन्। तपाईं परीक्षण गरेको रिपोर्ट लिन चाहनुहुन्न भने कृपया छिटो खबर गर्नुहोस्।** तपाईं आफ्नो बच्चाको रिपोर्ट तयार भएपछि परीक्षण गरेको रिपोर्ट नलिने भन्न सक्नुहुन्न। तपाईं परीक्षण गरेको रिपोर्ट लिन चाहनुहुन्न भने निम्न विकल्पहरूमध्ये **एक** विकल्प प्रयोग गरी NYS NBS कार्यक्रमलाई सूचित गर्नुहोस्:

1. यस ब्रोशरको अगाडि रहेको **QR कोड स्क्यान गर्नुहोस्**। हाम्रो वेबसाइटमा भएका निर्देशनहरू पालना गर्नुहोस्।
2. **यस ब्रोशरमा रहेको परीक्षण गरेको रिपोर्ट नलिने व्यक्तिले भर्ने फाराम (पट्याएको भाग) हटाउनुहोस् र भर्नुहोस्। यस फारामलाई बच्चा जन्माउने अस्पतालको नर्सलाई दिनुहोस्। नर्सले यसलाई तपाईंको बच्चाको नवजात शिशुको स्क्रिनको नमूनामा संलग्न गर्न सक्छ।** यो विकल्प अनिवार्य रूपमा बच्चा जन्मेको 2 दिनभित्र गरिसक्नुपर्छ।
3. परीक्षण गरेको रिपोर्ट नलिने भनेर भरेको फारामको फोटो (पट्याएको भाग) यस **इमेल** मा पठाउनुहोस्: cmvnbs@health.ny.gov.
4. NYS NBS कार्यक्रममा **सम्पर्क** गर्नुहोस्: **518-473-7552 (विकल्प 5)** *अनुरोध गरेपछि आफ्नो भाषा उल्था गर्ने सेवा उपलब्ध छ।
5. परीक्षण गरेको रिपोर्ट नलिने भनेर भरेको फाराम भरेर यहाँ **मेल** गर्नुहोस्:

   Newborn Screening Program
   NYS Department of Health
   120 New Scotland Avenue
   Albany, NY 12208

> **महत्त्वपूर्ण:** तपाईंले परीक्षण गरेको रिपोर्ट नलिने इच्छा गरेमा तपाईंको बच्चाको नतिजा रिपोर्ट गरिने छैन। परीक्षण गरेको रिपोर्ट नलिने इच्छा गर्नु भनेको तपाईंको बच्चाको नतिजा पोजेटिभ भएतापनि तपाईं र तपाईंको बच्चाको स्वास्थ्य सेवा प्रदायकलाई सूचित गरिने छैन भन्ने हो।

*(नोट: तपाईंसँग अनिवार्य रुपमा ल्याबको ID हुनुपर्छ (पट्याएको भागमा रहेको रेखाचित्र हेर्नुहोस्), बच्चाको नाम, बच्चाको जन्म मिति, जन्म दिने आमाको नाम र जन्म दिने आमाको जन्म मिति)*

**कृपया परीक्षण गरेको रिपोर्ट नलिने व्यक्तिले भर्ने फाराम छनौट गरेर तपाईं cCMV स्क्रिन नतिजाहरूको रेकर्डिङबाट मात्र नतिजा नचाहिने जानकारी गर्दै हुनुहुन्छ भनेर ध्यान दिनुहोस्। तपाईंको बच्चालाई अझै पनि पूर्ण नवजात स्क्रिन प्यानलको परीक्षण गरिनेछ।** आमाबुवाहरूले धार्मिक कारणले मात्र पूर्ण नवजात स्क्रिनबाट रिपोर्ट हटाउन सक्छन्। पूर्ण नवजात शिशुको स्क्रिनबाट रिपोर्ट हटाउने आमाबुवाहरूले छुट्टै फाराम भर्नु पर्छ।

यी मध्ये एउटा विधि प्रयोग गरेर थप जानकारीको लागि हामीलाई सम्पर्क गर्नुहोस्:

**फोन:** 518-473-7552 (विकल्प 5)
**CMV इमेल:** cmvnbs@health.ny.gov
**वेबसाइट:** www.wadsworth.org/newborn



# परीक्षण गरेको रिपोर्ट नलिनका लागि गरिने सर्वेक्षण

(ऐच्छिक, च्यात्ने)

हामी तपाईंको रोजाइको सम्मान गर्छौं। हामी किन मानिसहरू नतिजा नपठाएको चाहन्छन् भन्ने बारेमा थप कुरा जान्न प्रयास गरिरहेका छौं। परीक्षण गरेको रिपोर्ट नलिन इच्छा गर्नुको कारण के थियो? कृपया आफूले चाहनुभएको धेरैभन्दा धेरै उत्तरहरू छान्नुहोस्।

☐ म यो परीक्षण गरेको मेरो बच्चाको नतिजा चाहन्न
☐ मसँग निर्णय गर्न पुग्ने पर्याप्त जानकारी छैन
☐ म धेरै थाकेको/व्यस्त/cCMV बारे जान्न हतोत्साहित छु
☐ म मेरो बच्चाको गोपनीयताको बारेमा चिन्तित छु
☐ म आफू चिन्तित हुन सक्ने कुनै पनि कुरा जान्न चाहन्न
☐ मेरो बच्चालाई कुनै थप परीक्षण गर्नुपर्छ जस्तो मलाई लाग्दैन
☐ म अनिश्चित नतिजा आउने सम्भावनाको बारेमा चिन्तित छु
☐ cCMV को प्रभावकारी उपचार नहुन सक्छ भनेर म चिन्तित छु
☐ म आफ्नो बच्चालाई वर्षौंसम्म असर नगर्ने भाइरसको जाँच गराउन चाहन्नँ
☐ मेरो बच्चालाई cCMV को सङ्क्रमण भएमा उनीहरूको भविष्यको बारेमा चिन्तित छु
☐ म विज्ञान/सरकारमा विश्वास गर्दिनँ
☐ अन्य, कृपया स्पष्ट रूपमा उल्लेख गर्नुहोस्: ______________________________
______________________________
______________________________
______________________________

☐ म उत्तर दिन चाहन्न

20570 (Nepali) NEW YORK STATE Department of Health 07/23

## पोजेटिभ नतिजा देखिएको स्क्रिन र अर्को चरणहरू

**यो cCMV नवजात शिशुको स्क्रिन रोग पत्ता लगाउन गरिने परीक्षण भने होइन। तपाईंको बच्चालाई पक्का cCMV छ कि छैन भनेर यसले बताउन सक्दैन।** तपाईंको बच्चाको cCMV स्क्रिन गरेको बेलामा पोजेटिभ देखिएमा तपाईंलाई बोलाइनेछ। तपाईंको बच्चाको स्वास्थ्य सेवा प्रदायक वा सङ्क्रामक रोग विशेषज्ञले तपाईंलाई बोलाउन सक्छ। उनीहरूले तपाईंसँग तपाईंको बच्चाको नतिजा बारेमा छलफल गर्नेछन्। उनीहरूले तपाईंको बच्चाको लागि भेट्ने समय मिलाउने छन्। उनीहरूले त्यो भेटघाट गर्दा, तपाईंको बच्चाको पिसाबको नमूना सङ्कलन गरिनेछ। यो पिसाबको नमूना लिएर CMV परीक्षण गरिनेछ। यो रोगको परीक्षणले तपाईंको बच्चालाई cCMV छ वा छैन भनेर देखाउनेछ। तपाईंको बच्चा जन्मेपछि सकेसम्म चाँडो पिसाबको परीक्षण गर्नुपर्छ।

नवजात शिशुको स्क्रिनमा गलत पोजेटिभ नतिजा विरलै देखिन्छन् तर सम्भावना भने हुन्छ। यही कारणले गर्दा तपाईंको बच्चालाई cCMV छ कि छैन भनेर पुष्टि गर्न पिसाबबाट रोगको परीक्षण गर्नुपर्छ।

तपाईंको बच्चालाई cCMV छ भनेर पत्ता लागेमा तपाईंको बच्चाको स्वास्थ्य सेवा प्रदायकसँग सल्लाह लिनु धेरै महत्त्वपूर्ण हुन्छ। तपाईंसँग योजना गरेर तपाईंको बच्चाको हेरचाह गर्ने अर्को चरणहरू बनाइनेछ। तपाईंको बच्चाको स्वास्थ्य हेरचाह प्रदायकले तपाईंको बच्चालाई उपचार गरेर फाइदा हुन्छ कि हुँदैन भन्ने निर्णय गर्न सहयोग गर्नेछ। cCMV भएका केही बच्चाहरूलाई औषधि दिएर उपचार गर्न सकिन्छ।

## cCMV भएका बच्चाहरूको परिवारले थाहा पाउनुपर्ने जानकारी

सहायता समूहहरूले cCMV भएका बच्चाका परिवारहरूलाई भेटघाट गराउन मद्दत गर्न सक्छन्। यसले cCMV भएका बच्चासँग बस्ने मानिसहरूसँग एकआपसमा भेटेर कुराकानी गर्न सहयोग गर्न सक्छ। यी समूहहरूले समुदाय बनाउन सहयोग गर्छन्। यी संस्थाहरूले परिवार, cCMV भएका मानिस, स्वास्थ्य सेवा प्रदायक र अधिवक्ताहरूका लागि स्रोतहरू प्रदान गर्छन्:

**नेशनल CMV फाउन्डेसन (National CMV Foundation)** मा cCMV भएका बालबालिकाका आमाबुवाले दिएका कथाहरू लेखिएका वेबसाइट रहेको छ। तिनीहरूले cCMV पत्ता लागेका बच्चाहरूका आमाबुवाका लागि धेरै उपयोगी टुल र स्रोतहरू पनि उल्लेख गरेका छन्।
**हेर्नुहोस्:** www.nationalcmv.org

**नेशनल कन्जेनिटल CMV डिजिज रजिस्ट्री (National Congenital CMV Disease Registry)** ले एक अर्कालाई मद्दत र सहयोग गर्न अन्य परिवारहरूसँग जानकारी दिने तरिका प्रदान गर्छ।
**यहाँ हेर्नुहोस्:** https://www.bcm.edu/departments/pediatrics/divisions-and-centers/congenital-cmv-disease-research-clinic-registry



## NYS NBS कार्यक्रमले cCMV को लागि किन यो थप परीक्षण गरिरहेको छ?

सबै नवजात शिशुहरूको cCMV परीक्षण गर्दा 3 वटा प्रश्नहरूको उत्तर दिन सहयोग हुनेछ:

1. नवजात शिशुको स्क्रिनिङ गरेर cCMV पत्ता लगाउन सकिन्छ?
2. नवजात शिशुहरूमा cCMV हुनु कति सामान्य कुरा हो?
3. cCMV भएका बच्चाहरूलाई परीक्षणले कसरी सहयोग गर्न सक्छ?

## cCMV पत्ता लगाउन स्क्रिन गर्नु किन उपयोगी हुन्छ?

कुनै व्यक्तिलाई पहिलो पटक बच्चा बोकेको बेलामा भाइरसको सङ्क्रमण भएमा बच्चालाई पनि रोग लाग्ने सम्भावना 10 मध्ये कम्तिमा 4 हुन्छ। गर्भावस्था अघि भाइरसको सङ्क्रमण भएको मानिसले अझै बच्चालाई यो रोग सार्न सक्छ। गर्भवती महिलाहरूलाई नियमित रूपमा CMV को परीक्षण गरिँदैन। त्यसैले उनीहरूलाई गर्भावस्थाको समयमा भाइरसको सङ्क्रमण भएको थाहा नहुन सक्छ। **CMV ले प्रायः वयस्कहरूलाई हानि गर्दैन तर cCMV भएका आमाबाट जन्मेका बच्चाहरूमा लक्षण देखिने र दीर्घकालीन स्वास्थ्य समस्याहरू हुने जोखिम हुन्छ।**

CMV धेरै सामान्य किसिमको भाइरस हो। संयुक्त राज्य अमेरिकामा लगभग 3 जनामध्ये 1 जना बच्चालाई 5 वर्षको उमेरमा CMV को संक्रमण हुन्छ। 40 वर्षको उमेरमा संयुक्त राज्य अमेरिकामा रहेका आधाभन्दा बढी वयस्कहरूलाई CMV को संक्रमण भएको हुन्छ। धेरैजसो वयस्कहरूलाई आफूलाई भाइरस छ भन्ने थाहा हुँदैन किनभने धेरैजसो मानिसहरूमा कुनै लक्षणहरू देखापर्ने छैन। CMV भएका केही मानिसहरूले रूघा लाग्ने जस्ता लक्षणहरू महसुस गर्छन्। उनीहरूलाई देखिने लक्षणहरूमा घाँटी दुख्ने, ज्वरो आउने, थकान लाग्ने र ग्रन्थीहरू सुन्निने समावेश हुन सक्छ। **अर्को महत्त्वपूर्ण कुरा भनेको आफूलाई भाइरसको सङ्क्रमण भएको छ भन्ने कुरा थाहा नभएका गर्भवती महिलाहरूले आफ्ना गर्भमा रहेका बच्चाहरूलाई यो भाइरस सार्न सक्छन्।**

> किनभने cCMV को सङ्क्रमण भएका धेरैजसो शिशुहरूमा जन्मेको बेलामा कुनै सङ्केत वा लक्षणहरू देखिँदैनन्। स्वास्थ्य हेरचाह प्रदायकले बच्चाको सुन्ने र वृद्धि हुने कुराहरू पालना गर्नु महत्त्वपूर्ण हुन्छ। बाल्यकालमा नै सुन्न नसक्ने समस्या पत्ता लगाउनु महत्त्वपूर्ण हुन्छ र यो समस्या बिस्तारै कम गर्दै रोक्न सकिन्छ।

## cCMV को स्क्रिन कसरी गरिन्छ?

NYS मा जन्म भएका सबै बच्चाहरूको नवजात शिशुको स्क्रिनिङ गर्न सानो रगतको नमूना लिइन्छ। यो रगत कुर्कुच्चाको टुप्पोबाट लिइन्छ। रगतको नमूनाहरू NYS NBS कार्यक्रममा पठाइन्छ। यो संयुक्त राज्य अमेरिकामा प्रत्येक दिन हजारौं बच्चाहरूको लागि गरिने नियमित परीक्षण हो। **cCMV स्क्रिन गर्न थप रगत चाहिँदैन।** एउटै रगतको नमूनाबाट cCMV स्क्रिन गरिनेछ। cCMV स्क्रिनले रगतमा भएका भाइरसको लक्षणहरू पत्ता लगाउँछ। **यो परीक्षण गर्न कुनै रकम लाग्नेछैन।**



## सम्भावित cCMV स्क्रिन नतिजाहरू के-के हुन्?

**नेगेटिभ cCMV स्क्रिन: नेगेटिभ स्क्रिन नतिजा सामान्य नतिजा हो।** नेगेटिभ नतिजा आउनुको मतलब तपाईंको बच्चालाई cCMV सङ्क्रमण भएको छैन भन्ने हो। धेरैजसो बच्चाहरूको cCMV जाँच गर्दा नेगेटिभ नतिजा आउनेछ। किनभने यो एक स्क्रिनिङ परीक्षण हो। cCMV सङ्क्रमण भएका केही बच्चाहरू छुट्न सक्ने सम्भावना हुन्छ। तपाईंको बच्चामा cCMV सङ्क्रमण वा कान नसुन्ने कुनै लक्षणहरू देखिएमा तिनीहरूको स्वास्थ्य सेवा प्रदायकले रोग पत्ता लगाउन पिसाब परीक्षण गर्न लगाउन सक्छ। भाइरस पत्ता लगाउन यो पिसाब परीक्षण प्रयोग गरिनेछ।

**पोजेटिभ cCMV स्क्रिन: पोजेटिभ स्क्रिन नतिजा भनेको असामान्य नतिजा हो।** पोजेटिभ नतिजा देखिनुको मतलब तपाईंको बच्चामा cCMV सङ्क्रमण धेरै भएको सम्भावना हुन्छ भन्ने हो। तपाईंको बच्चामा cCMV भाइरस छ कि छैन भनेर पुष्टि गर्न पिसाबको परीक्षण गर्नुपर्नेछ। थप जानकारीको लागि पेज 5 मा रहेको "पोजेटिभ स्क्रिन र अर्को चरणहरू" हेर्नुहोस्।

## cCMV सङ्क्रमण भएर जन्म भएका बच्चाहरू

हरेक 200 जनामध्ये 1 जना बच्चालाई cCMV पोजेटिभ स्क्रिन हुनेछ भनी हामी आशा गर्छौं। पोजेटिभ स्क्रिन भएका बच्चाहरूका लागि सम्भावित नतिजाहरू निम्न प्रकारका छन्:

- बच्चा जन्मेको बेलामा स्वस्थ हुन्छ र cCMV सङ्क्रमण भएको कुनै सङ्केत वा लक्षण देखाउँदैन। बच्चामा कहिल्यै cCMV सङ्क्रमण भएको कुनै स्वास्थ्य समस्याहरू देखाउँदैन।
- बच्चा जन्मेको बेलामा स्वस्थ देखिन्छ तर पछि cCMV को सङ्क्रमणबाट सुन्ने शक्ति घट्ने र वृद्धि ढिलो हुन्छ।
- बच्चामा cCMV को सङ्क्रमण भएर जन्मदा कान सुन्ने शक्ति घटेको सङ्केत र लक्षणहरू देखाउँछ। ***सुन्ने शक्ति कमी भएका शिशु र बच्चाहरूमा बोली र वृद्धि ढिलो हुने जोखिम हुन्छ।**
- बच्चा जन्मेको बेलामा बिरामी हुन्छ र cCMV का थप सङ्केत र लक्षणहरू देखाउँछ। **cCMV को सङ्क्रमण भएर जन्मेका 10 मध्ये 1 जना बच्चा जन्मदा नै बिरामी हुन्छन्।** यी शिशुहरूमा देखिने लक्षणहरूमा दादुरा आउने, छाला वा आँखाको सेतो भाग पहेँलो हुने (जन्डिस), टाउकोको आकार सानो हुने (माइक्रोसेफली), जन्मदा तौल कम हुने, कलेजो वा पेटभित्रको फियो ठूलो हुने, छारे रोग हुने, र आँखामा घाउँ हुने समस्या पर्न सक्छ।

## सुन्ने शक्ति कम हुने समस्या समयमा नै पहिचान गर्न

सुन्ने शक्ति कम हुने समस्या cCMV सङ्क्रमण हुँदा देखिने सबैभन्दा सामान्य नतिजा हो। सुन्ने शक्ति कम हुने समस्याले बच्चाको भाषा, बोली र सामाजिक सीपलाई असर गर्न सक्छ।

NYS सार्वजनिक स्वास्थ्य कानुन खण्ड 2500-g अनुसार सबै नवजात शिशुहरूले जन्मने बित्तिकै सुन्ने क्षमताको परीक्षण गराउनुपर्छ। तपाईंको बच्चाको सुन्ने क्षमता स्क्रिन गर्न असफल भयो भने उनीहरूलाई फरक रोग पत्ता लगाउने परीक्षण प्रयोग गरेर cCMV को जाँच गरिनेछ। यो NYS सार्वजनिक स्वास्थ्य कानुन खण्ड 2500-a अनुसार आवश्यक छ।

तपाईंसँग आफ्नो बच्चाको सुन्ने क्षमता परीक्षण गर्ने बारेमा कुनै प्रश्न वा चिन्ता छ भने उनीहरूको स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुहोस्। NYS मा नवजात शिशुको सुन्ने क्षमता स्क्रिनिङ नतिजाहरू अर्ली हियरिङ डिटेक्सन एण्ड इन्टरभेन्सन (Early Hearing Detection and Intervention, EHDI) कार्यक्रममा रिपोर्ट गरिन्छ।

**नोट:** यो सुन्ने क्षमताको स्क्रिन र cCMV नवजात शिशुको स्क्रिन फरक-फरक छन्। कुनै परीक्षणले सुन्ने क्षमतामा ह्रास भएका बच्चाहरू छुटाउन सक्छ।

**EHDI कार्यक्रम बारेमा थप जानकारी लिन तिनीहरूको वेबसाइटमा हेर्नुहोस्:**
https://www.health.ny.gov/community/infants_children/early_intervention/newborn_hearing_screening/.